# राष्ट्रिय बालअधिकार नीति, २०७८

नेपाल सरकार

## महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरवार

Draft for Consultation

# प्राक्कथन

बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ को कार्यान्वयनले कानून, योजना र विविध किसिमका कार्यक्रमहरु तर्जुमा र सोको कार्यान्वयनमा समेत सहजीकरण भएको छ । मूलतः जोखिममा रहेका बालबालिकाको संरक्षणका विषयमा थप योगदान पुऱ्याएको महसुस भएको छ । यो नीति लागू भएको करिब ८ वर्षको अवधिमा पाँचैवटा उद्देश्यहरु सम्बोधनका लागि ५८ वटा नीतिहरु नै सम्बोधन गर्ने प्रयास भएको देखिएको छ । संघीयताको परिवर्तित सन्दर्भमा बालबालिकाको विषयमा उदयीमान सवालहरुको सम्बोधन गरी बालबालिकासँग सम्बन्धित विषयहरुमा अझ संवेदनशील र नतिजामूखी रुपबाट सम्बोधन गर्नका लागि बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ को समीक्षा गरी बाल अधिकार राष्ट्रिय नीति, २०७८ तर्जुमा गरिएको छ ।

यो नीतिको तर्जुमा प्रक्रियाका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सह-सचिव तथा महाशाखा प्रमुखको संयोजकत्वमा अन्तरमन्त्रालयहरु र राष्ट्रिय बाल अधिकार परिषद्को प्रतिधित्व हुनेगरी एउटा समिति गठन भएको थियो । यस समितिको सुझाव अनुसार राष्ट्रिय बाल अधिकार परिषद्बाट नीति तर्जुमाका लागि सुझाव प्रदान गर्न सार्वजनिक सूचना संप्रेषण गरेको थियो । सो सूचनाको आधारमा गैरसरकारी संस्था, बाल समुहहरु र स्वयं बालबालिका तथा नागरिक समाजका विभिन्न सञ्जालहरु लगायत विभिन्न संस्थाहरु र व्यक्तिहरुबाट मन्त्रालय र परिषद्मा सुझाव प्राप्त भएको थियो । उक्त सुझावहरुको अध्ययन गरी, बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ को समीक्षा गरी एवम् नवीनतम् विषयहरुको पहिचान गरी यो नीति तर्जुमा गरिएको छ ।

यो नीति सरकारका तीनैतहहरु, विकास साझेदारहरु, गैरसरकारी संस्थाहरु, सञ्जालहरु, बालबालिकाका संस्था तथा सञ्जालहरु, नागरिक समाज, सञ्चार माध्यम, निजी क्षेत्र लगायत सम्बन्धित सबै सरोकारवालाहरुका लागि साझा नीतिको रुपमा रहने र सबै सरोकारवालाहरुबाट आ-आफ्नो क्षेत्रबाट यो नीतिहरु अनुसारका विषयहरुलाई विगतका असल अभ्यास र सिकाइलाई निरन्तरता दिँदै अझबढी संवेदनशील र नतिजामूलक ढङ्गबाट कार्यान्वयनमा ल्याई बाल संरक्षण र अधिकार सुनिश्चितामा योगदान पुग्ने विश्वास गरिएको छ ।

Draft for consultation

# बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०७८

## १. पृष्ठभूमि

संयुक्त राष्ट्र संघको महासभाबाट १९८९ को नोभेम्वर २० मा पारित बाल अधिकार सम्बन्धी महासन्धिलाई नेपालले २०४७ साल भदौ २९ गतेका दिन (सेप्टेम्बर १४, १९९०) अनुमोदन गरेको तीन दशक पूरा भइसकेको छ । बाल अधिकार महासन्धिलाई अनुमोदन गरेपछि संविधान, कानून, नीति, संस्थागत संरचना, कार्यक्रमहरु क्रमशः अधिकारमुखी दृष्टिकोणबाट अगाडि बढिरहेको छ । बालबालिकाको हक, हित र अधिकारको सम्मान, संरक्षण, परिपूर्ति र पालना गर्दै बाल अधिकार सुनिश्चितताका लागि संघ, प्रदेश र स्थानीय तह अत्यन्त संवेदनशील रहेको छ ।

बालबालिकाका लागि विशिष्टीकृत बालबालिका सम्बन्धी ऐन, २०७५ र बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ कार्यान्वयनमा रहेका छन् । श्रम ऐन, स्थानीय शासन सञ्चालन ऐन लगायत अन्य ऐनहरुमा बालबालिकासँग सम्बन्धित प्रावधानहरु रहेका छन् र यी प्रावधानहरु कार्यान्वयनमा रहेका छन् । बालबालिका सम्बन्धी दुइवटा १० वर्षे राष्ट्रिय कार्ययोजनाहरुको कार्यान्वयन सम्पन्न भइसकेको छ । शिक्षा, स्वास्थ्य, बालश्रम, बालविवाह लगायतका विषयगत कार्ययोजनाहरु कार्यान्वयन भइरहेका छन् । विकास साझेदार, गैरसरकारी संस्था, नागरिक समाजबाट कानूनी र नीतिगत पैरवी एवम् बालबालिकाको बचावट, संरक्षण, विकास र सहभागिताको विषयमा सरकारी निकायसँग सहकार्य गर्दै आ-आफ्नो तर्फबाट योगदान गरिरहेका छन् । नेपालले संघदेखि स्थानीय तहसम्म बालबालिका लक्षित संयन्त्र, बालमैत्री स्थानीय शासन, सडक बालबालिका मुक्त राष्ट अभियान जस्ता सफल अभियानहरु सञ्चालन गरिसकेको छ । यी समस्त प्रयासहरुको परिणामस्वरुप बालबालिकासँग सम्बन्धित गुणात्मक तथा संख्यात्मक सूचकहरुमा उल्लेख्य सुधार आएको छ । जोखिममा परेका बालबालिकासँग सम्बन्धित कार्यहरु अभिवृद्धि भइरहेका छन् । नेपाल बालबालिकाको हक, हित र अधिकारको सम्मान, संरक्षण, परिपूर्ति र पालना गर्दै बाल अधिकार सुनिश्चितताका लागि अत्यन्त संवेदनशील हुँदै आएको छ ।

वि. सं. २०७२ मा नेपालको संविधान लागु भएपछी परिवर्तित संघीय राज्य प्रणाली तथा विगतका बाल अधिकार संरक्षण र संवर्द्धनका प्रयासहरुको सफलता, उपलब्धी, सिकाइ तथा समुदायमा देखिएका नविन सवालहरुको सम्बोधन गर्न कार्यान्वियनमा रहेको बालबालिका सम्बन्धि राष्टिय निति २०६९ लाई समयानुकुल परिमार्जन गर्दै अद्यावधिक नितिगत ब्यबस्थासहितको बालबालिका सम्बन्धि निति २०७८ लागु गरिएको छ ।

## २. बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ को समीक्षा

नेपालले बालबालिका सम्बन्धी विभिन्न सन्धिलाई अनुमोदन गरी व्यक्त गरेको प्रतिबद्धता अनुरुप एउटा यथार्थपरक र व्यवहारिक बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ तयार गरी सरकारी निकाय, स्थानीय निकाय, अभिभावक, शिक्षक र राष्ट्रिय तथा अन्तरर्राष्ट्रिय गैरसरकारी संस्थाको समन्वयात्मक सहकार्यमा सवै वर्ग र समुदायका बालबालिकाले बाल अधिकारको पूर्ण उपभोग गर्दै सक्षम र योग्य नागरिकको रुपमा व्यक्तित्व विकास गर्न सक्ने वातावरणको सिर्जना गर्ने दीर्घकालीन लक्ष्यसहित र निम्नानुसारका पाँचवटा उद्देश्यहरु तथा संक्षिप्तमा ५८ वटा नीतिहरु तर्जुमा गरी लागू भएको थियो ।

Draft for Consultation

यो नीति लागू भएको करिब ८ वर्षको अवधिमा पाँचैवटा उद्देश्यहरु सम्बोधनका लागि ५८ वटा नीतिहरुनै सम्बोधन गर्ने प्रयास भएको देखिएको छ । ५८ वटा नीतिहरुमध्ये ४८ वटाको कानूनी, नीतिगत र कार्यहरुबाट सम्बोधन भएको, १० वटा नीतिहरुको विभिन्न कार्यहरुबाट सम्बोधन भइरहेको देखिएको छ ।

## ३. अध्यावधिक स्थिति

नेपालले बालबालिका सम्बन्धी विभिन्न सन्धिलाई अनुमोदन गरी व्यक्त गरेको प्रतिबद्धता अनुरुप बाल अधिकार सुनिश्चितताको दिशातर्फ उन्मुख हुँदै बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ कार्यान्वयनमा रहेको छ । यस नीतिले अवलम्बन गरेका पाँचवटा उद्देश्यहरु र ५८ वटा नीतिहरु सम्बोधन भएको तथा भइरहेको देखिएको छ । यस प्रक्रियामा सरकारी क्षेत्रबाहेक अभिभावक, शिक्षक र राष्ट्रिय तथा अन्तरर्राष्ट्रिय गैरसरकारी संस्थाको योगदान सराहनीय रहेको छ ।

संविधान, बालबालिका सम्बन्धी ऐन, श्रम ऐन, स्थानीय शासन सञ्चालन ऐन, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, जन स्वास्थ सेवा ऐन लगायत बालबालिकासँग सम्बन्धित अन्य ऐनहरुमा भएका व्यवस्थाहरु कार्यान्वयनमा रहेका छन् । आवधिक योजनामा बालबालिकाको विषयलाई प्राथमिकतामा राखिएको छ । बालबालिकाको विषय सम्बोधनका लागि संघ, प्रदेश र स्थानीय तहमा संस्थागत व्यवस्था भएको छ । शिक्षा, स्वास्थ्य, बालश्रम, बालविवाह लगायतका विविध कार्ययोजनाहरु तथा रणनीतिहरु कार्यान्वयन भइरहेका छन् । संघदेखि स्थानीय तहसम्म बालबालिका लक्षित संयन्त्र र बालमैत्री स्थानीय शासन व्यवस्था सक्रिय रहँदै आएको छ । बालबालिकासँग सम्बन्धित विषयहरुमा लगानी बढीरहेको छ । यी समस्त प्रयासहरुको परिणामस्वरुप बालबालिकासँग सम्बन्धित गुणात्मक तथा संख्यात्मक सूचकहरुमा उल्लेख्य सुधार आएको छ ।

सूचना व्यवस्थापनमा सुधार गर्ने, अन्य सम्बद्ध निकाय तथा क्षेत्रसँग समन्वय र सहकार्य अभिवृद्धि गर्ने, विविध किसिमका जोखिममा परेका बालबालिकाको घटना व्यवस्थापन गर्ने, बालन्याय सुदृढ गर्ने, बाल अधिकारका विविध सवालहरुमा व्यापक सचेतना अभिवृद्धि गर्ने लगायतका कार्यहरु भइरहेका छन् । सडक बालबालिका मुक्त राष्ट्रिय अभियान लगायत जोखिममा परेका बालबालिकासँग सम्बन्धित कार्यहरु उल्लेख्य रुपमा सम्पादन भइरहेका छन् । बालमैत्री स्थानीय तह, बालश्रम मुक्त पालिका, बालविवाह मुक्त पालिका जस्ता घोषणा गर्ने कार्य एवम् छाउपडी जस्ता परम्परागत हानिकारक अभ्यास न्यूनीकरण गर्ने कार्यहरुमा स्थानीय तह सक्रिय हुन थालेको छ ।

**प्रमुख सवालहरु :**

यसै परिवेशमा बालअधिकार संरक्षण र संवर्द्धनका क्षेत्रमा नविन समस्या तथा सवालहरु पनि देखा परेका छन्, यी समस्या तथा सवालहरुको सम्बोधन गर्नु पनि आजको प्रमुख प्राथमिकता रहेको छ । बाल अधिकार संरक्षण र प्रवर्द्धनमा देखिएका मुख्य समस्याहरु निम्नानुसार देखिएका छन्:

- नेपालले पुर्ण खोप, मातृ मृत्युदर, नवजात शिशु मृत्युदरमा उल्लेखनीय रुपमा सुधार गर्न सकेको छ । यद्यपी बालबालिकाको स्वास्थ्यको सन्दर्भमा पोषण, गम्भिर प्रकृतीका रोगहरुको उपचार, नसर्ने रोगहरुबाट बालबालिकाको सुरक्षा तथा प्रजनन तथा यौन स्वासथ्य, संक्रामक रोग, दुर्घट्ना र चोटपटकबाट बालबालिकाको सुरक्षा, मानसिक स्वास्थ्यका सवालहरु टड्कारो रुपमा देखा परेका छन् ।
- ग्रामिण क्षेत्रका बालबालिकाहरु अझै पनि आधारभुत स्वास्थ्य सेवाबाट बन्चित रहेका तथा स्थानीयस्तरसम्म बाल स्वासथ्य सेवाको सञ्चालन हुन सकिरहेको छैन ।
- प्राथमिक तहमा बालबालिकाको भर्नादरमा नेपालले झण्डै सत प्रतिशतको निकट सफलता हाँसिल गरेको छ । तर, विद्यालयमा बालबालिकाको टिकाउ दर, बालबालिकाको प्राविधिक शिक्षामा पहुँच र उपयोगिता,

Draft for Consultation

विद्यालयभित्र भयरहित शिक्षण सिकाइ, विपद तथा दुर्घट्ना सुरक्षीत विद्यालय, अपाँगतामैत्री एवं बालिकामैत्री विद्यालयका सवालहरु नविन समस्याका रुपमा देखा परेका छन् ।

- खेलकुद तथा शारिरिक व्यायम तथा योगको अवश्यक्ता सबै विद्यालय तथा बालबालिकाहरुमा आवश्यक्ता महसुस गरिएको छ । बालिकाहरुको खेलकुदमा न्युन र असमान पहुँच रहेको छ । विशेष गरी शहरी तथा निजि विद्यालयहरुमा बालबालिकाका लागि पर्याप्त शारिरिक अभ्यास, व्यायम तथा ग्रामिण विद्यालयहरुमा योग एवं धयानको सुविधा हुन नसकेको पाइन्छ ।
- विद्यालयहरुमा मनोसामाजिक कार्यकर्ता, बाल संरक्षण निति तथा संयन्त्रहरुको प्रभावकारी कार्यान्वयनको आवश्यक्ता देखिएको छ ।
- बाबुआमा विहिन बालबालिका, एकल अविभावकका बालबालिका, बैदेशिक रोजगारीमा गएका अविभावकका बालबालिका, कारागारमा कैदी जीवन बिताइरहेका बालबालिका तथा बालगृहमा राखिएका बालबालिकाको पालनपोषण, सामाजिककिरण, हुर्काइ, मनोसामाजिक अवस्था, सामाजिक सुरक्षा, जन्म दर्ता र पहिचानका सवालहरु गम्भिर रहेका छन् ।
- अनलाइन प्रविधिको पहुँच र उपयोगीतामा भएको वृद्दीसँगै यसबाट सृजित जोखिमताहरु, डिजीटल एडिक्सन, अनलाईन दुर्व्यवहार, हिंसा, शोषण जस्ता समस्याहरुबाट बालबालिकाहरु बढी सिपढित र प्रभावित भइरहेका छन् ।
- कानुनी विवादमा परेका तथा बाल बिज्याइ गरेका बालबालिकाको डाइभर्सन, बालअधिकारमैत्री निगरानी कक्ष, सुधार गृह जस्ता ब्यबस्थाहरुको प्रभावकारी कार्यान्वियन हुन सकिरहेको छैन ।
- कसुरपिडित, विशेष संरक्षणको आवश्यक्ता भएका बालबालिकाहरुको घट्ना ब्यबस्थापनका लागि ऐन नियमले स्थानीय तह सम्मको संयन्त्रहरुको ब्यबस्था गरेको भए पनि तद अनुरुप जनशक्तिको विकास, लगानी र संरचनाहरुको निर्माण र परिचालन हुन सकिरहेको छैन ।
- लैंगिक तथा यौनिक अल्पसंख्यक बालबालिकाहरुका संरक्षणका सवालहरु, उनीहरुविरुद्द हुने भेदभाव तथा जबर्जस्ती लिंग परिवर्तनका कार्यहरुलाई प्रभावकारी ढंगले नियमन कार्वाहीको दायरामा ल्याउन सकिएको छैन ।
- दलित बालबालिकाहरुविरुद्द विद्यालय तथा समुदाय एवं अन्य सार्वजनिकस्थलहरुमा विभेद अद्यावकि कयमै रहेको छ। गर्भ पहिचान गर्दै छोरीको हकमा गर्भपतन गराउने अभ्यासहरु लुकछिपी भइरहेको समाचारहरु आइरहेका छन् ।
- अपाँगता भएका, अटिज्म जस्ता समस्या भएका बालबालिकाको लागि उपचारात्मक, सुधारात्मक तथा हेरचाहको ब्यबस्था पर्याप्त मात्रामा हुन सकेको छैन ।
- बाल क्लबहरुको गठन, परिचालन तथा योजना चक्रमा बालबालिकाको सहभागिताका अभ्यासहरुलाई थप ब्यबस्थित, एकरुपता कायम गर्नुका साथै यस सम्बन्धी राष्टीय अभिलेखिकरण गर्न जरुरी रहेको छ । साथै बाल क्लब बाट युवा भएका किशोरकिशोरी तथा युवाहरुको ज्ञान, सिप र अनुभवलाई ब्यबस्थित रुपमा बाल अधिकार संरक्षण र संवर्द्धनमा लगानी गर्न जरुरी रहेको छ ।
- बालबालिकासँग सम्बन्धित खण्डीकृत सूचना व्यवस्थापन पालिकादेखि संघसम्मको संरचनामा व्यवस्थित गर्न सकिएको छैन ।
- बालश्रम, बालविवाह, यौनशोषण र दुर्व्यवहार, बेचबिखन र ओसारपसार जस्ता घटनाबाट पीडित एवम् सडक बालबालिका, अनाथ बालबालिका, दुर्व्यसनीमा परेका, कानुनी विवादमा परेका, विविध किसिमका

Draft for Consultation

अपाङ्गता भएका, लैङ्गिक अल्पसंख्यक लगायत विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको समस्या उचित रुपमा सम्बोधन गर्न बाल संरक्षण प्रणाली सशक्त बनाउन सकिएको छैन ।

**चुनौतीहरु**

माथी उल्लेख भएका सकारात्मक प्रयासहरु हुँदाहुँदै पनि निम्न चुनौतीहरु हाम्रो सामु रहेको पाइन्छ :

- कानूनबाट सिर्जित दायित्व एवम् नीति र योजनाको प्रभावकारी कार्यान्वयन गर्नका लागि संघ, प्रदेश र स्थानीय तहमा संयन्त्रहरुको स्थापना, सबलीकरण र प्रभावकारी परिचालन ।
- बालमैत्री स्थानीय शासनको अभियानको प्रभावकारी कार्यान्वयनका लागि संघीय व्यबस्था अनुरुप तथा नेपालको संविधान अनुरुपका मापदण्ड, कार्यान्वयन तथा अनुगमन र मुल्यांकन निर्देशिकाहरुको निर्माण र कार्याँवयन ।
- बालश्रम अन्त्य, मानव बेचबिखन अन्त्य लगायतका राष्टीय कार्ययोजनाहरुको कार्यान्वयनलाई द्रुत गतीमा अगाडी बढाउन विभिन्न मन्त्रालय तथा निकायहरुबिचको समन्वय र सहकार्य प्रवर्द्धन गर्न जरुरी रहेको देखिन्छ ।
- बालबालिका सम्बन्धी खण्डीकृत सूचना व्यवस्थापनका लागि तीनै तहमा एकिकृत प्रणालीको स्थापना तथा सञ्चालन गर्नु ।
- बालबालिकाको क्षेत्रमा हुने लगानीको मुल्यांकन तथा पहिचान गर्न यस सम्बन्धि बजेट कोडको व्यबस्थापन तथा बालबालिकाको क्षेत्रमा सरकारी तथा गैरसरकारी श्रोतहरुको प्रभावकारी परिचालन गर्नु ।
- अपाँगता भएका बालबालिका लक्षित स्याहार, उपचार तथा शिक्षण सिकाइ केन्द्रहरुको स्थापना र सञ्चालन गर्नु ।
- बालबालिकाहरुमाफ जातीय, लैंगिक, अविभावकको अवस्थाको आधारमा हुने विभेदको अन्त गर्दै विभेदरहीत बालापनको संस्कृतीको निर्माण तथा अभ्यासलाई विस्तार गर्नु ।

**अवसरहरु**

संघीय संरचना र उदयीमान वातावरणबाट बाल अधिकार संरक्षण र प्रवर्द्धनमा देखिएका मुख्य अवसरहरु निम्नानुसार देखिएका छन्:

- संविधान र कानुनहरुमा बाल अधिकारका विविध व्यवस्थाहरु भएको छ । यी व्यवस्थाहरुबाट सरकारका तीनै तहबाट बालबालिकाका लागि प्रशस्त कार्यहरु गर्न सकिने अवसर सिर्जना भएको छ । बाल अधिकार संरक्षण र प्रवर्द्धनका लागि आवश्यक कार्यहरु गर्न प्रायः सबै स्थानीय तहहरु प्रतिवद्ध रहेका छन् ।
- तीनै तहका सरकारहरु बालबालिकाको विषयमा कार्य गर्न अग्रसर भएका छन् । राष्ट्रिय बाल अधिकार परिषद्, प्रदेश बाल अधिकार समिति, स्थानीय बाल अधिकार समिति एवम् केन्द्रीय बालन्याय समिति, जिल्ला बालन्याय समितिजस्ता बालबालिकासँग सम्बन्धित संरचनाको कानुनी व्यवस्था हुनुले बालबालिकाको क्षेत्रमा प्रशस्तै कार्यहरु गर्ने अवसर देखिएको छ भने विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाले समयमै उचित सेवा सुविधा तथा न्याय पाउने संभावना तथा अवसर झन् बढेको छ । बालमैत्री स्थानीय शासनका विषयहरु, बालश्रम मुक्त क्षेत्र, बाल विवाह न्युनिकरण, छाउपडी जस्ता परम्परागत हानिकारक अभ्यास न्युनिकरणका विषयहरु अभियानका रुपमा स्थानीय तहहरुमा पुगेको पाइन्छ।

Draft for Consultation

- बालश्रम, बाल विवाह, शिक्षा, पोषण तथा प्रारम्भिक बाल विकास, मानसिक स्वास्थ्य लगायतका विषयमा संघीय तहबाट नै विशेष आवधिक योजना, रणनिति तथा कार्यक्रमहरु निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ ।
- संयुक्त राष्ट्रसंघीय निकायहरु, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, अन्य अन्तर्राष्ट्रिय विकास साझेदार संस्था, गैरसरकारी संस्था, नागरिक समाज र निजी क्षेत्रको बालबालिकाको विषयमा चासो, सक्रियता र संवेदनशीलता बढ्दै जानु राम्रो अवसर रहेको छ । यस अवसरको अधिकतम् सदुपयोग गरी बालबालिकाको विषयमा अझ नतिजामुखी कार्यहरु गर्न सकिने सम्भावना छ ।

## ४. राष्ट्रिय नीतिको पुनरावलोकनको आवश्यकता

नेपालको संविधान (२०७२) जारी भई तीन तहको संघीय व्यवस्था कार्यान्वयनमा आइसकेको छ । मुलुकमा संघीय व्यवस्था लागू भएसँगै तीन तहमा संस्थागत संरचना परिवर्तन भएको छ र बालबालिकासँग सम्बन्धित विषयहरुमा चासो बढीरहेको छ । नयाँ संविधान र कानुनहरुको व्यवस्थाहरु कार्यान्वयन गर्न, यस नीति तर्जुमापश्चात संयुक्त राष्ट्र संघ अन्तर्गतका मानव अधिकार समितिहरुबाट प्राप्त सुझाव तथा सिफारिसहरु कार्यान्वयन गर्न तथा बाल अधिकार र संरक्षण सम्बन्धी उदयीमान सवालहरुलाई सम्बोधन गर्न बालबालिका सम्बन्धी नीति, २०६९ पुनरावलोकन गर्न जरुरी देखिएको छ । आधारभूत अधिकारबाट बञ्चित, सबै किसिमका हिंसा तथा दुर्व्यवहारहरुबाट पीडित एवम् विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण र विकास, सिर्जनात्मक प्रतिभा भएका बालबालिकाका लागि सहयोग तथा प्रोत्साहन लगायतका विषयहरु समेटी बालबालिका सम्बन्धी नयाँ नीति तर्जुमा गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ ।

बालबालिका सम्बन्धि निति २०६९ को अनुच्छेद १४ ले प्रत्येक पाँच बर्षमा नितिको कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता, र उपादेयताका मुल्यांकनका आधारमा नितिमा सामयिक पुनरावलोका गरिने ब्यबस्था गरेको थियो । यसै सन्दर्भमा नेपालको बालबालिका सम्बन्धि दोस्रो दश बर्षीय कार्ययोजनाको मुल्यांकन पनि सम्पन्न भइ निति तथा कार्यक्रमका कतीपय विषयहरुमा पुनरावलोकन हुनपर्ने सुझाव प्राप्त भएको थियो ।

बालबालिका सम्बन्धि निति २०६९ मा उल्लेखित कतीपय ब्यबस्थाहरु वर्तमान सन्दर्भमा पनि  सान्दर्भिकनै देखिएका छन् भने केही विषयको पुर्ण कार्यान्वयन भइसकेको तथा केही विषयको सन्दर्भमा उल्लेखित नितिहरुका ब्यबस्थामा परिमार्जन आवश्यक रहेको देखिन्छ ।

नेपाल सरकारले बाल अधिकार सुनिश्चितताका लागि अन्तर्राष्ट्रिय स्तरमा दर्शाएका प्रतिवद्धताहरु, संविधान र कानूनहरुमा भएका व्यवस्थाहरुबाट सिर्जित दायित्व पूरा गरी बाल अधिकार सुनिश्चित गर्ने, समग्र देश विकासको प्रक्रियामा मानव पुँजी विकासको आधारशिला सशक्त बनाउने एवम् नेपाल सरकारको “संकल्प २१००” अनुसार समृद्ध नेपाल, सुखी नेपालीको मूलमर्मतर्फ अग्रसर हुँदै आगामी प्रयासलाई अझबढी नतिजामूलक ढङ्गबाट कार्य गर्न बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ लाई पुनरावलोकन गर्न आवश्यकता महसुस गरी यो नीति तयार गरिएको छ ।

Draft for Consultation

## ५. राष्ट्रिय नीतिको दीर्घकालीन सोच

सबै बालबालिकाको सबै अधिकारहरु सुनिश्चित भएको बालमैत्री देश हुनेछ ।

## ६. राष्ट्रिय नीतिको लक्ष्य

प्रत्येक बालबालिकाको सर्वाङ्गीण विकासका लागि बाल अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्न सक्ने सक्षम परिवार, सहयोगी समुदाय, सबल राज्य प्रणाली सहीतको बालमैत्री देशको निर्माण गर्ने ।

## ७. राष्ट्रिय नीतिका प्रमुख उद्देश्यहरु

६.१ गर्भावस्थादेखि नै आवश्यक स्याहार, पोषण, सहयोग, शिक्षा र तालिमका अवसरहरुमार्फत बालबालिकाको शारीरिक, मानसिक, शैक्षिक र व्यक्तित्व विकास गर्ने ।

६.२ आधारभूत अधिकारबाट बञ्चित, विशेष संरक्षणको आवश्यकता भएका तथा अन्य जोखिममा परेका बालबालिकाको संरक्षण र विकासका लागि बाल संरक्षण प्रणालीको विकास, बिस्तार र सबलीकरण गर्ने ।

६.३ बाल अधिकारका नीतिगत र कानुनी व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनका लागि संस्थागत संयन्त्रको स्थापना, विस्तार, क्षमता विकास र परिचालन गर्ने ।

६.४ बाल अधिकारको अवस्था र प्रगतिको नियमित अनुगमन तथा मुल्याङ्कनका लागि बाल अधिकार सम्बन्धी सूचना सुधार प्रणाली प्रभावकारी बनाउने ।

## ८. नीतिहरु

बालबालिकाको हक, हित, संरक्षण, विकास, सहभागिता तथा अधिकारको प्रवर्द्धन र सुनिश्चितताका लागि संविधान, कानून एवम् बाल अधिकार सम्बन्धी महासन्धिका प्रावधानहरुबाट सिर्जित दायित्व पूरा गरी बालबालिकाको उज्वल भविष्यका लागि निम्नानुसारका नीतिहरु अवलम्बन गरिएका छन्:

### उद्देश्य ६.१ सँग सम्बन्धित

*गर्भावस्थादेखि नै आवश्यक स्याहार, पोषण, सहयोग र शिक्षा एवम् तालिमका अवसरहरुमार्फत बालबालिकाको शारीरिक, मानसिक, शैक्षिक, व्यक्तित्व विकास गर्ने ।*

### क) स्वास्थ्य र पोषणसँग सम्बन्धित:

१. गर्भावस्थादेखि नै बालबालिकाको र गर्भवति महिलाको स्वास्थ्य सुरक्षाका लागि नियमित स्वास्थ्य जाँच तथा परामर्शका लागि सबै तहका अस्पतालमा मातृ शिशु स्वास्थ्य सेवा कार्यक्रम विस्तार गरिनेछ र परिवार स्वास्थ्य शिक्षाबारे प्रचार प्रसार अभिवृद्धि गरिनेछ ।

२. सबै किसिमका कुपोषण अन्त्य गर्नका लागि स्थानीय पोषण खाद्य प्रवर्द्धन, निःशुल्क पोषण उपचार, कुपोषण पुनर्स्थापना सेवा प्रवाह तथा विद्यालयमा आधारित पोषण कार्यक्रमको व्यवस्था गरिनेछ । विद्यालय, बालगृह, पुनर्स्थापना केन्द्र, अस्थायी संरक्षण सेवा बाल सुधार गृह आदिमा बालबालिकालाई आफ्नै संस्थाको भान्सामा तयार गरिने खाना खुवाउने व्यवस्था प्रवर्द्धन गरिनेछ ।

३. तोकिएका स्वास्थ्य संस्था, औषधि र सेवाहरुबाहेक पनि बिपन्न परिवारका बालबालिकाका लागि गम्भीर प्रकृतिका स्वास्थ्य उपचारमा सरकारी स्वास्थ्य संस्थाहरुमा निःशुल्क तथा अन्य सामुदायिक र निजी

Draft for Consultation

स्वास्थ्य संस्थाहरुमा सहुलियतको व्यवस्था गरिनेछ । एचआइभी/एड्स संक्रमित बालबालिकालाई निःशुल्क स्वास्थ्य तथा औषधि उपलब्ध हुने व्यवस्था मिलाइनेछ ।

४. बालबालिकाको प्रारम्भिक अवस्थामा नै विविध किसिमका अपाङ्गताको पहिचान गर्ने र आवश्यकता अनुसारको उपचार, सहायता सामाग्री, व्यायाम तथा पुनर्स्थापना एवम् कृत्रिम अङ्ग तथा सहयोगी साधनहरुको निःशुल्क र सहुलियतपूर्ण उपलब्धताको व्यवस्था गरिनेछ ।

५. विद्यालय, बालक्लब तथा समुदायस्तरमा किशोरकिशोरीलक्षित यौन तथा प्रजनन् स्वास्थ्य कार्यक्रमलाई विस्तार गरिनेछ ।

६. बालक्लब, युवाक्लब, विद्यालय नर्स तथा विद्यालय स्वास्थ्य कार्यक्रम मार्फत घरेलु औषधि, प्राथमिक स्वास्थ्य उपचार,ध्यान, योग, शारिरिक व्यायम, मनोसामाजिक स्वास्थ्य सेवा लगायतका विषयहरुमा प्रचार प्रसार तथा ज्ञान सिप प्रवाहको व्यवस्था मिलाइनेछ ।

७. विपद् लगायतका सबै मानवीय सङ्कट, बन्दाबन्दी जस्ता अवस्थामा पनि बालबालिकाको खोप, पोषण, स्वास्थ्य जाँच, गर्भवती महिला, सुत्केरी तथा नवजात शिशुको सुरक्षाका लागि विशेष कार्यक्रम सञ्चालन गर्नुका साथै निर्वाध सेवा प्रवाहको व्यवस्था गरिनेछ ।

८. बालबालिकाहरुमाफ चोटपटक, यातायात तथा सवारी दुर्घट्नाबाट जोगाउन बाल सुरक्षा मापदण्ड निर्माण र  लागु गरिनेछ र बाल सुरक्षा प्रमाणिकरणको ब्यबस्था गरिनेछ । बालबालिकाले प्रयोग गर्ने खेलौना लगायतका सामाग्रीहरु बालबालिकाको स्वास्थ्य अनुकूल हुनुपर्ने व्यवस्था लागू गरिनेछ ।

## ख) प्रारम्भिक बालविकास, विद्यालय शिक्षा र विकाससँग सम्बन्धित

१. प्रारम्भिक बालविकाससँग सम्बन्धित विषयहरु प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति बमोजिम प्रारम्भिक बाल विकासलाई समुदायमा आधारित, बालबालिकाको बहुआयामिक सिकाइ (गीत, संगीत, विविध खेलहरु, अक्षर, शब्द, वाक्य, सामान्य विषय, विविध कलाहरु), प्राथमिक स्वास्थ्य तथा पोषणसहित व्यक्तित्व विकास केन्द्रको रुपमा बालमैत्री भौतिक पुर्वाधार, सक्षम सहजकर्ता र पर्याप्त श्रोत साधनसहित प्रारम्भिक बाल विकास केन्द्र सञ्चालनलाई प्रवर्द्धन गरिनेछ ।

२. विद्यालय शिक्षामा गरीब, दुर्गम, सीमान्तिकृत, सबै किसिमका अपाङ्गता भएका लगायतका बालबालिकाको पहुँच सुनिश्चित र गुणस्तर अभिवृद्धि गरिनेछ ।

३. विद्यालयमा हुने जातीय, लैङ्गिक विभेदको अन्त्य गर्न व्यापक सचेतनाका अभियानमुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४. विद्यालयबाहिर रहेका वा विद्यालय छाडेका बालबालिकालाई विभिन्न अनौपचारिक शिक्षाका माध्यमहरुबाट विद्यालय शिक्षामा फर्काउन वा प्राविधिक शिक्षामा जोड्नका लागि छात्रवृत्ति, शैक्षिक सहयोग लगायतका सुविधासहित शैक्षिक निरन्तरताका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५. प्रत्येक विद्यालयलाई बालअधिकार प्रति सम्मानपुर्ण, संवेदनशिल र बालमैत्री विद्यालयका रुपमा विकास गर्न : बालिका, अपाँगता भएका बालबालिकाको लागि विशेष ब्यबस्थाहरु, सुरक्षीत भौतिक पुर्वाधार, सुरक्षीत खानेपानी तथा सरसफाइ, हिंसारहित शिक्षण सिकाइ र परिवेश, विद्यालय शान्ति क्षेत्र, विपदमा शिक्षाको निरन्तरता, खेलकुद लगायतका ब्यबस्था गर्न आवश्यक मापदण्ड तथा कार्यक्रमहरु निर्माण गरी लागु गरिनेछ ।

६. शिक्षालाई प्रविधिसँग जोड्ने, प्राविधिक शिक्षा प्रवर्द्धन गर्ने, सूचना तथा शैक्षिक प्रविधिमा सबै बालबालिकाको पुहँच सुनिश्चित गर्ने जस्ता कार्यहरु गरिनेछ ।

Draft for Consultation

७. विद्यालयस्तरको पाठ्यक्रममा बाल अधिकारका विषय, जीवनोपयोगी सिप, असल परम्परागत साँस्कृतिक मान्यता र अभ्यासहरुको प्रवर्द्धन गर्ने तथा बालबालिका विरुद्दको हिंसा, हानिकारक परम्परागत अभ्यास न्युनीकरण गर्ने जस्ता विषयहरु समावेश गरिनेछ । विद्यालय स्तरको पाठ्यक्रमलाई बाल अधिकारमुखी, विशेष प्रकृति, जीवनोपयोगी, साँस्कृतिक मुल्य, मान्यताको दृष्टिकोणबाट सुधार गरिनेछ ।

८. बालप्रतिभा प्रोत्साहनका लागि स्थानीय तह, प्रदेश तह तथा संघीय तहमा प्रतियोगिता सञ्चालन तथा पुरस्कारको स्थापना र विकास गरिनेछ ।

९. विद्यालयको नियमित पढाईमा असर पर्ने गरी कसैले पनि (विद्यालय, शिक्षक वा अन्य व्यक्ति वा संस्था) कुनै पनि कार्यक्रम विद्यालयमा गर्ने वा गराइनेछैन ।

१०. गम्भीर अपाङ्गता भएका तथा अटिज्म लगायतका समस्या भएका बालबालिकाको लागि विशेष सिकाइ, स्याहार तथा अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि केन्द्रहरुको प्रवर्द्धन गरिनेछ ।

११. सबै प्रदेशहरुमा बालबालिकालक्षित इतिहास, संस्कृति, विज्ञान, प्रविधि लगायतको एकीकृत संग्रहालय निर्माण गर्ने, पालिका स्तरमा अपाङ्गता भएका बालबालिका समेतलाई ध्यान दिई एकीकृत बालउद्यान ( खेलमैदान, पुस्तकालय, आदि) को व्यवस्था गर्ने र वडा तथा घना बस्तीहरुमा सबै समूहका बालबालिकाको लागि उपयुक्त हुने खेल मैदान एवम् बाल पुस्तकालय/अतिरिक्त सिकाइ केन्द्रको व्यवस्था गर्ने ।

## उद्देश्य ६.२ सँग सम्बन्धित

*आधारभूत अधिकारबाट बञ्चित, विशेष संरक्षणको आवश्यकता भएका तथा अन्य जोखिममा परेका बालबालिकाको संरक्षण र विकासका लागि बाल संरक्षण प्रणालीको विकास, बिस्तार र सबलीकरण गर्ने ।*

१. विभिन्न कारणले जन्मदर्तामा समस्या भएका नेपाली बालबालिकाको जन्मदर्ता र नागरिकताका लागि सरल र विश्वसनीय व्यवस्था मिलाइनेछ ।

२. बाबुआमा दुवैविहीन बालबालिकाको अभिभावकत्व सरकारले ग्रहण गरी वैकल्पिक स्याहार, आवश्यक संरक्षण सहयोग र विकासका कार्यलाई देशव्यापी बनाइनेछ ।

३. आर्थिक, सामाजिक, साँस्कृतिक तथा शारीरिक कारणले कठिन परिस्थितिमा परेका र विशेष संरक्षणको आवश्यक्ता भएका बालबालिकाको लागि सामाजिक सुरक्षा कार्यक्रम लागू गरिनेछ ।

४. मौजुदा कानूनहरुमा रहेका बाल संरक्षण सम्बन्धी प्रावधानहरुमा रहेको दोहोरोपना र अस्पष्टतालाई स्पष्ट बनाउँदै बाल संरक्षण र अधिकारको दृष्टिकोणबाट सुधार गरिनेछ ।

५. बालिका, दलित, अपाङ्गता भएका व्यक्ति, कसुरपीडित तथा यौनिक अल्पसंख्यक बालबालिकाविरुद्ध हुने विभेद, लाञ्छना तथा दुर्व्यवहारलाई अन्त्य गर्न सचेतना अभियानहरु सञ्चालन गरिनेछ ।

६. हिंसा, दुर्व्यवहार र कसुरपीडित, विशेष संरक्षणको आवश्यक्ता भएका बालबालिकालाई राज्यबाट विशेष राहत, क्षतीपुर्ती, तत्काल संरक्षण, उपचार सहायता लगायतका व्यवस्थाहरु गरिनेछ ।

७. विपन्न एकल अविभावकका बालबालिका, कैद सजाय भोगिरहेका अविभावकमा आश्रित बालबालिका, छुट्टिएर रहेका अविभावकका बालबालिका तथा बाबुआमा फेला पर्न नसकेका बालबालिकाको लागि परिवारमा आधारित स्याहार, सामुदायिक स्याहार लगायतका वैकल्पिक स्याहारलाई प्रवर्द्धन गर्दै परिवार सहायता, परिवार परामर्श कार्यक्रमहरु लागु गरिनेछ ।

Draft for Consultation

८. बालगृहमार्फत गरिने संस्थागत स्याहारलाई अन्तिम विकल्पको रुपमा नियमन गरिनेछ र कानुन विपरित बालगृह सञ्चालन गर्ने, कानुन विपरित बालबालिकालाई बालगृहमा राख्ने गतिविधिलाई कानुनी कार्वाहीको दायरामा ल्याइनेछ ।

९. स्वदेशी तथा अन्तरदेशीय धर्म सन्तान लिने दिने अभ्यासलाई कडाइकासाथ नियमन गरिनेछ, पारदर्शी बनाइनेछ र बालबालिकाको सर्वोत्तम हितअनुकुल हुनेगरी सञ्चालन गरिनेछ ।

१०. विपद, संक्रामक रोग एवम् महामारी, आन्दोलन, हड्ताल, द्वन्द्व, आतङ्क, खाद्यान्न अभाव तथा अन्य मानवीय संकटका समयमा बालबालिकाको संरक्षण तथा आवश्यकता सम्बोधनमा उच्च प्राथमिकता दिने व्यवस्था गरिनेछ ।

११. बालबालिका खोजतलास समन्वय केन्द्र (निःशुल्क टेलिफोन नं. १०४) र बाल हेल्पलाइन (निःशुल्क टेलिफोन नं. १०९८) को क्षमता विकास तथा विस्तार गरी जोखिम तथा हिंसामा परेका बालबालिकाको उद्धार, आवश्यक सहयोग र व्यवस्थापन कार्यलाई प्रभावकारी बनाइनेछ ।

१२. बालबालिका विरुद्धका अनलाइन सहित सबै किसिमका शोषण र दुर्व्यवहारलाई शुन्य सहनशीलताका साथ लिई सुरक्षित सूचना प्रविधि तथा अनलाइन सेवाको व्यवस्था मिलाइनेछ ।

१३. जोखिममा परेका बालबालिकाको लागि तत्काल उद्धार, पुनर्स्थापना र राहत प्रदान गर्न संघ, प्रदेश तथा स्थानीय तहमा बालकोषको व्यवस्था गरी परिचालन गरिनेछ ।

१४. बालबालिकाको ओसारपसार, बेचबिखन, श्रम शोषण रोक्नका लागि विशेष सचेतना, सशक्तीकरण र सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गरिनेछ । देशभित्र फेलापरेका कसुरपीडित तथा बेवारिसे बिदेशी बालबालिकालाई स्वदेशफिर्तीका लागि सहजीकरण गरिनेछ ।

१५. अन्य देशमा बेचबिखन तथा ओसारपसारमा परेका, बेवारिसे भएका तथा श्रम शोषण लगायत कसुरबाट पीडित नेपाली बालबालिकाको उद्धार, स्वदेशफिर्ती, पारिवारिक पुनर्मिलन, कानुनी सहायता, राहत तथा पुनर्स्थापनाको व्यवस्था राष्ट्रिय बाल अधिकार परिषदमार्फत गर्ने व्यवस्था मिलाइनेछ ।

१६. बालबालिकाबाट हुनसक्ने बिज्याँइ लगायतका कार्यहरुबाट बालबालिकालाई जोगाउन र बालबालिकाको नैतिक आचरणमा सुधार गर्नका लागि विद्यालय तथा समुदायस्तरमा असल नागरिक शिक्षा अभियानलाई प्रवर्द्धन गरिनेछ ।

१७. कसुरबाट पीडित तथा बिज्याँइ गरेका बालबालिकालाई १२० दिनभित्रै न्याय प्रदान गर्न द्रुत न्याय प्रणाली, निरन्तर सुनवाइ तथा बालमैत्री बाल अदालतको स्थापना र सञ्चालन गरिनेछ ।

१८. बिज्याँइ गरेका बालबालिकालाई बालमैत्री सुधारात्मक दिशान्तर, निगरानी कक्ष तथा मापदण्डको पूर्ण पालना भएको बाल सुधार गृह सञ्चालन गरिनेछ । विद्यमान बाल सुधार गृहको भौतिक पूर्वाधार, शिक्षा, अतिरिक्त क्रियाकलाप, मनोविमर्श, नैतिक आचरण सुधार, सिर्जनात्मक प्रतिभाको विकास लगायतका कार्यहरुमा सुधार गरिनेछ ।

१९. सडक बालबालिकामुक्त राष्ट्रिय अभियानको सफलतालाई निरन्तरता दिंदै सडकबाट बालबालिकाको उद्धार तथा संरक्षण व्यवस्थापनलाई निरन्तरता दिइनेछ । हाल उद्धार भई संरक्षणमा रहेका सडक बालबालिकालाई शिक्षा, सिप, खेलकुद जस्ता सुधारात्मक र सृजनात्मक कार्यक्रसँग जोडिनेछ ।

२०. बालबालिकामाम्फ मद्यपान, धुम्रपान, सुर्ती सेवन जस्ता कुलतको प्रभाव पर्न नदिन विद्यालय, बालगृह, अस्थायी संरक्षण केन्द्र, बाल सुधार गृहको ५०० सय मिटरको क्षेत्रमा त्यस्ता बस्तुहरुको सेवन तथा बेचविखनमा निषेध गरिने कानुनी व्यबस्थाको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।

Draft for Consultation

२१. लागूऔषध र अन्य दुर्व्यसनमा लागेका बालबालिकाको पुनर्स्थापनाका लागि निजी क्षेत्रसँग समेत समन्वय तथा सहकार्य गरी निरोधात्मक, उपचारात्मक, मनोविमर्शात्मक, सीपमूलक तालिम लगायत अन्य सहयोगात्मक कार्यहरु, सचेतनामूलक कार्यहरु सञ्चालन गरिनेछ ।

२२. बालबालिका लक्षित लागि श्रव्य, दृश्य, इन्टरएक्टिभ डिजिटल खेल, टेक्सटुअल मनोरञ्जनका सामग्रीहरु, गीत, सँगित, नाटक, चलचित्र, विज्ञापन, कार्टुनजस्ता सामाग्रीहरुमा सामाजिक मर्यादा विपरित, अश्लिलता भड्काउने, हिंसा, निश्चित समुदायप्रति घृणा प्रवर्द्धन गर्ने तथा नैतिकता प्रतिकूल हुने भाषा, व्यवहार, सङ्केत तथा सामानको प्रयोगलाई निषेधित गरिनेछ ।

२३. कुनै पनि सार्वजनिक नयाँ भौतिक पूर्वाधारको निर्माणलाई बालबालिका तथा अपाङ्गतामैत्री बनाउने एवम् सञ्चालनमा रहेका भौतिक पूर्वाधारलाई पनि सुधार गरिनेछ ।

२४. सुस्तमनस्थिति, अटिज्म लगायत असक्त अपाङ्गता भएका बालबालिकाका लागि उपचार, मनोविमर्श, संरक्षण र विकाससहित पुनर्स्थापनाको र आवश्यक सहायक उपकरणहरु निःशुल्क उपलब्ध गर्ने व्यवस्था सबै प्रदेशहरुमा गरिनेछ ।

२५. बाल संवेदनशील सामाजिक सुरक्षा कार्यक्रम अभिवृद्धि गरिनेछ ।

### उद्देश्य ६.३ सँग सम्बन्धित

*बाल अधिकारका नीतिगत र कानुनी व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनका लागि संस्थागत संयन्त्रको स्थापना, विस्तार, क्षमता विकास र परिचालन गर्ने ।*

१. बाल अधिकारको व्यवहारिक कार्यान्वयनका लागि संघीयस्तरमा राष्ट्रिय बाल अधिकार परिषद्लाई अधिकार सम्पन्न बनाउँदै, श्रोत, साधन र बजेटको व्यवस्था गरिनेछ ।

२. प्रदेश बाल अधिकार समिति तथा स्थानीय बाल अधिकार समितिको क्षमता विकास, परिचालन र सक्रियतालाई प्रवर्द्धन गरिनेछ ।

३. सबै स्थानीय तहमा बाल कल्याण अधिकारीको नियुक्ति, समाज सेवी, बाल मनोविज्ञको सूचीकरण तथा प्रत्येक जिल्ला अदालतमा प्रोवेशन अधिकारीको नियुक्तिको लागि आवश्यक व्यवस्था गरिनेछ ।

४. बाल अधिकार संरक्षण र संवर्द्धनका लागि तोकिएका निकायमा कार्यरत जनशक्तिको क्षमता विकास तथा तोकिएका जनशक्तिको स्थानीय तहमा पर्याप्त उपलब्धताका लागि विशेष प्रशिक्षण तथा तालिम, अध्ययन भ्रमण, सन्दर्भ सामाग्री, अध्ययन सामाग्रीहरु उपलब्ध गराइनेछ ।

५. लोक सेवा आयोग लगायत सरकारी निकायबाट प्रतिस्पर्धा गरिने परीक्षाको पाठ्यक्रममा र नेपाल स्टाफ कलेज, स्थानीय प्रशिक्षण प्रतिष्ठान, नेपाल प्रहरी प्रतिष्ठान, आर्मी स्टाफ कलेज, सशस्त्र प्रहरी स्टाफ कलेज, नेपाल न्यायिक प्रतिष्ठान, शैक्षिक जनशक्ति विकास केन्द्र लगायतका तालिम केन्द्रको सेवा प्रवेश तथा सेवाकालीन तालिमको पाठ्यक्रममा बाल अधिकारका विषय समावेश गरिनेछ ।

६. जिल्ला प्रहरी कार्यालयसँगको समन्वयमा प्रत्येक जिल्लामा बालमैत्री निगरानी कक्षको स्थापना र सञ्चालन गरिनेछ ।

७. प्रत्येक स्थानीय तह, प्रदेश तह तथा संघीय तहमा बालबालिकासँग सम्बन्धित नीति, योजना, कार्यक्रम तर्जुमाका लागि बालबालिकासँग परामर्श गर्न समावेशी र प्रतिनिधिमूलक रुपमा बालबालिकाको सहभागिता रहने गरी बालसभाको आयोजना गर्ने व्यवस्था लागु गरिनेछ ।

Draft for Consultation

८. बालबालिकाको समुह (बालक्लब, बालसञ्जाल) आदिको दर्ता एवम् नवीकरणलाई सरलिकृत र व्यवस्थित गरिनुका साथै उनीहरुको सामुदायिक संलग्नता र सक्रियतालाई प्रवर्द्धन गरिनेछ । बालक्लब तथा बालसञ्जाललाई समावेशी बन्न प्रेरित गरिनेछ । विद्यालय तथा समुदायमा जुनियर रेडक्रस, स्काउट जस्ता संस्थाहरुको प्रवर्द्धन गरिनेछ ।

९. विगतमा बालक्लबमा संलग्न भएका युवा तथा किशोरकिशोरीहरुलाई स्थानीय तहमा श्रोत ब्यक्ती, सहजकर्ता, परिचालक आदिका रुपमा सहभागि हुन प्रोत्साहनमुलक कार्यक्रमहरु, प्रशिक्षण तथा परिचालनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१०. स्थानीय तहहरुलाई बालमैत्री स्थानीय शासन लागु गर्न र बालमैत्री स्थानीय तह घोषणाका लागि प्रोत्साहन तथा प्रवर्द्धन गरिनेछ । संघ, प्रदेश र पालिकाको वार्षिक बजेटमा बालबालिका सम्बन्धी छुट्टै बजेट कोडको व्यवस्था गरिनेछ ।

### उद्देश्य ६.४ सँग सम्बन्धित

*बाल अधिकारको अवस्था र प्रगतिको नियमित अनुगमन तथा मुल्याङ्कनका लागि बाल अधिकार सम्बन्धी सूचना सुधार प्रणाली प्रभावकारी बनाउने*

१. बालबालिकाको क्षेत्रमा विशेष अध्ययन अनुसन्धानलाई प्रोत्साहित गर्न राष्ट्रिय बाल अधिकार परिषद्बाट बार्षिक रुपमा अध्ययन अनुसन्धान सम्मेलन लगायतका अनुसन्धानमुलक कार्यक्रमहरुलाई सञ्चालन गरिनेछ ।

२. बालबालिकाका क्षेत्रमा हुने अध्ययन अनुसन्धानलाई व्यवस्थित गर्न अभिलेखीकरण तथा प्रमाणीकरण गर्ने व्यवस्था मिलाइनेछ ।

३. स्थानीय तहदेखि संघीय तहसम्म बालबालिकासँग सम्बन्धित खण्डीकृत सूचना व्यवस्थापन र बालबालिकाको स्थिति अनुगमन तथा मुल्याङ्कनका कार्यहरुलाई सुदृढ बनाइनेछ ।

४. बालबालिकासँग सम्बन्धित कानुन, नीति, योजना, संरचना, कार्यक्रम लगायतका विषयमा बालबालिकालाई सूचना प्रवाह गर्न बालमैत्री पोर्टल, एप्स तथा सूचना सेवाहरुको स्थापना र सञ्चालन गरिनेछ ।

## ९. नीतिको कार्यान्वयन व्यवस्था

यो नीतिको कार्यान्वयनका लागि देहायको व्यवस्था गरिनेछ :

- संघीय मन्त्रालयहरुसँग आवधिक तथा वार्षिक योजना तर्जुमा प्रक्रियामा आवश्यक समन्वय र सहजीकरण गर्न महिला, बालबालिका तथा ज्येष्ठ नागरिक एवम् राष्ट्रिय बाल अधिकार परिषद्लाई सक्रिय बनाइनेछ ।
- मन्त्रालय र परिषद्बाट यस नीति अनुरुप बालबालिका सम्बन्धी १० बर्षीय रणनीतिक योजना निर्माण गरी लागू गरिनेछ । बालबालिकासँग सम्बन्धित अन्य विषयगत नीति, रणनीति, योजना तथा कार्यक्रमहरुको कार्यान्वयनमा समेत सहजीकरण गरिनेछ ।
- सरकारी, निजी र सामुदायिक संस्थाहरुबीच लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिनेछ ।
- बालबालिकाको विषयमा कार्य गर्ने अन्तर्राष्ट्रिय/गैरसरकारी संस्थाको भूमिकालाई पारदर्शी र जवाफदेही बनाई भौगोलिक र विषयगत पक्षहरुमा संघीय नितिअनुरुप नतिजामूलक कार्यमा संलग्न हुने व्यवस्था गरिनेछ ।

Draft for Consultation

- नागरिक संगठन, धार्मिक संस्था, बालक्लब, निजि क्षेत्र, राजनितिक दल तथा सँगठन लगायत विकास साझेदार तथा दातृ निकायहरुमार्फ बालबालिकाको क्षेत्रमा कार्यक्रम, परियोजना तथा साझेदारी तय गर्दा यसै निति अनुरुप गर्न विभिन्न समयमा अन्तर्क्रिया तथा निति प्रचारका कार्यक्रमहरु आयोजन गरिनेछ ।
- यो नीतिलाई बालमैत्री शैलीमा नेपाली, अँग्रेजी र आवश्यक्ता अनुसार स्थानीय भाषाहरुसमेत प्रकाशन तथा वितरण गरिनेछ ।

## १०. मानवीय र वित्तीय स्रोत व्यवस्थापन

मानवीय स्रोत व्यवस्थापनको सन्दर्भमा, एकातिर हाल संघ, प्रदेश र स्थानीय तहमा कार्यरत जनशक्तिलाई नै बालबालिकाको विषयमा कार्य सम्पादनका लागि सदुपयोग गरिनेछ । यस क्रममा मूलतः स्थानीय तहमा शिक्षा, स्वास्थ्य, संरक्षण लगायतका बालबालिकाका विषयहरुमा कार्यरत जनशक्तिलाई बाल अधिकार र बालमैत्री व्यवहार जस्ता विषयमा अनुशिक्षण एवम् सेवाकालीन तालिमको व्यवस्था गरिनेछ । अर्कोतिर कानूनमा व्यवस्था भए बमोजिम प्रत्येक पालिकामा बाल कल्याण अधिकारी, सामाजिक कार्यकर्ता, मनोविज्ञ जस्ता जनशक्तिको व्यवस्थापन गरिनेछ । बालबालिकासँग सम्बन्धित कार्यहरु प्रभावकारी रुपमा सम्पादन गर्नका लागि सामाजिक कार्य विषयको जनशक्ति उत्पादनलाई प्रोत्साहन गरिनेछ ।

वित्तीय स्रोत व्यवस्थापनको सन्दर्भमा सरकारका तीनैतहबाट बालबालिकाका लागि लगानी अभिवृद्धि गरिनेछ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय बाल अधिकार परिषद्बाट प्रत्येक वर्षको योजना तर्जुमाको क्रममा सम्बद्ध मन्त्रालयहरुबाट बालबालिकाको विषयमा लगानी अभिवृद्धि गर्न सहजीकरण हुनेछ । विकास साझेदार संस्थाहरु (अन्तर्राष्ट्रिय र राष्ट्रिय/स्थानीय) सँग सहकार्य बढाइनेछ । बालबालिकाको विषयमा योगदान गर्नका लागि निजी क्षेत्रलाई प्रोत्साहन तथा निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।

## ११. पुनरावलोकन

यस नीतिको कार्यान्वयन, सान्दर्भिकता, औचित्यता, प्रभाव आदिको स्वतन्त्र मुल्याङ्कन गर्दै सामयिक रुपमा परिमार्जन गर्नका लागि प्रत्येक पाँचबर्षमा पुनरावलोकन गरिनेछ ।

Draft for Consultation